कर्णाली सरकारमा महिला प्रतिनिधित्व न्यून

# ३३ प्रतिशत सहभागिता कागजमै सीमित

**७ वर्षको अवधिमा ४ मुख्यमन्त्रीसहित ४३ जना मन्त्री बने । तर प्रदेश सरकारमा महिलाको सहभागिता भने न्यून छ । ४ वटै सरकारमा गरी हालसम्म मात्रै ६ जना महिलाले सरकारमा प्रतिनिधित्व गर्ने अवसर पाएका छन् । जसमा माओवादी केन्द्रबाट ४, नेपाली कांग्रेसबाट १ र नेकपा एमालेबाट १ जनाले सरकारमा प्रतिनिधित्व गरेका हुन् । यसरी हेर्दा सरकारमा महिला प्रतिनिधित्वलाई माओवादी केन्द्रबाहेक अन्य दलले प्राथमिकता दिएको पाइँदैन ।**

**नन्दराम जैशी**
*सुर्खेत, १२ फागुन*

कर्णाली प्रदेश सरकार गठन भएको ७ वर्ष बितेको छ। यो अवधिमा कर्णालीमा ४ वटा सरकार बनेका छन्। ७ वर्षको अवधिमा ४ मुख्यमन्त्रीसहित ४३ जना मन्त्री बने। तर प्रदेश सरकारमा महिलाको सहभागिता भने न्यून छ। ४ वटै सरकारमा गरी हालसम्म मात्रै ६ जना महिलाले सरकारमा प्रतिनिधित्व गर्ने अवसर पाएका छन्। जसमा माओवादी केन्द्रबाट ४, नेपाली कांग्रेसबाट १ र नेकपा एमालेबाट १ जनाले सरकारमा प्रतिनिधित्व गरेका हुन्। यसरी हेर्दा सरकारमा महिला प्रतिनिधित्वलाई माओवादी केन्द्रबाहेक अन्य दलले प्राथमिकता दिएको पाइँदैन।

संविधानको धारा १६८ (९) मा समावेशी सिद्धान्तका आधारमा प्रदेश मन्त्रिपरिषद् गठन हुने उल्लेख छ। राज्यका हरेक संरचनामा कम्तीमा ३३ प्रतिशत महिलाको सहभागिता हुनुपर्छ। तर कर्णालीको सरकारमा अझै पनि ३३ प्रतिशत महिला पुग्न सकेका छैनन्। यो अधिकार कागजमै सीमित छ। अहिलेसम्म बनेका मन्त्रिपरिषद्मा ६ महिला सांसद मात्र मन्त्री बनेका छन्। यो अवधिमा गठन भएका कतिपय मन्त्रिपरिषद्मा महिलाको सहभागिता शून्य रहेको थियो। पटक-पटक मन्त्रिपरिषद् हेरफेर हुँदा पनि महिलालाई अवसर दिइएको थिएन। महिलाका सहभागिता देखाउनका लागि मात्र मन्त्री बनाउने कर्णालीमा चलन छ।

कानुनी व्यवस्था अनुसार ४ वटा सरकारमा १२ जना महिला अर्थात कम्तिमा पनि ८ जनाले सरकारमा प्रतिनिधित्व गर्नुपर्ने हो। कर्णालीमा मन्त्रिपरिषद् समावेशी नभएको भन्दै उच्च अदालत सुर्खेतमा रिट नै दर्ता भएको थियो।

अधिवक्ता शेरबहादुर खत्री र अधिकारकर्मी टीका विष्टले दायर गरेको सोही रिटमा उच्च अदालतले प्रदेश सरकारका नाममा मन्त्रिपरिषद्लाई समावेशी बनाउन र महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न आदेश दिएको थियो।

मन्त्रिपरिषद् समावेशी नभएकाले महिला र दलितको प्रतिनिधित्व गराएर पुनः मन्त्रिपरिषद् गठन गर्नुपर्ने माग गर्दै रिट दायर भएको थियो। सोही रिटमा सुनुवाइ गर्दै उच्च अदालतले संविधानको मर्मअनुसार सरकार सञ्चालन हुनुपर्ने र समावेशी सिद्धान्तअनुसार महिलाको प्रतिनिधित्व मन्त्रिपरिषद्मा गराउनुपर्ने आदेश दिएको हो। त्यसपछि उक्त आदेश बमोजिम हाल सरकारमा २ जना महिलाले प्रतिनिधित्व गरेका छन्।

कर्णाली सरकारमा हालसम्म मन्त्री बन्ने अवसर पाएका ६ जना महिलाहरूमा विमला केसी, सीता नेपाली, कृष्णा शाह र उर्मिला विश्वकर्माले माओवादी केन्द्रबाट सरकारमा प्रतिनिधित्व गरेका थिए। भने हाल सरकारमा मन्त्री रहेका २ जना महिलाहरूमा जलस्रोत तथा ऊर्जा विकास मन्त्री विजया बुढा र भौतिक पूर्वाधार तथा सहरी विकास राज्यमन्त्री गमता विक रहेका छन्। बुढा नेपाली कांग्रेसकी सांसद हुन्। भने विक एमालेकी सांसद हुन्।

हालसम्मको तथ्यांकलाई केलाउँदा कर्णाली सरकारमा महिला सहभागिता केवल १४ प्रतिशत मात्र छ। संविधानले कम्तीमा ३३ प्रतिशत भनेपनि व्यवहारमा महिलाको सहभागिता मुस्किलले १४ प्रतिशत मात्रै हुनुले राजनैतिक दलहरूले महिलाप्रति गर्ने र भन्ने व्यवहार प्रष्ट देखिन्छ। सत्ता गठबन्धनमा भइरहने फेरबदलले केन्द्रमात्र नभएर प्रदेशहरू पनि प्रभावित हुने गरेका छन्।

सोही क्रममा संघीयताको ७ वर्षभित्र कर्णालीमा ४ वटा मुख्यमन्त्री र ४५ जना मन्त्री बनिसकेका छन्। ४० सदस्यीय प्रदेश सभा रहेको कर्णालीमा सरकार स्थापनाको पहिलो कार्यकालमा २ मुख्यमन्त्री र २१ मन्त्री बनेका थिए। भने दोस्रो कार्यकालको १९ महिनामा २ मुख्यमन्त्री र २० जना मन्त्री बनिसकेका छन्। मन्त्री बन्नेमा सबैभन्दा बढी माओवादीकै सांसद छन्।




## प्रदेश सभामा सन्तोषजनक सहभागिता

कर्णाली सरकारमा महिला प्रतिनिधित्व न्यून रहेपनि प्रदेश सभामा भने महिला सहभागिता सन्तोषजनक रहेको पाइएको छ। राजनैतिक दलले महिलालाई प्रत्यक्ष निर्वाचनमा टिकट नदिएपनि समानुपातिक प्रणालीबाट प्रदेश सभामा महिला सहभागिता सुनिश्चित गर्ने गरेका छन्। प्रदेश सभाको दुवै कार्यकालमा समग्र दलहरूको आधारमा सभामा ३३ प्रतिशत महिला सहभागिता पुऱ्याउने कोशिस गरिएको छ। अर्थात् लगभग ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिएको छ।

४० सदस्यीय प्रदेश सभामा अघिल्लो कार्यकालमा १३ जना महिला सांसद थिए। जसअन्तर्गत एमालेका ५, माओवादीका ४, कांग्रेसका २, राप्रपा र एकीकृत समाजवादीका एक-एक जना महिला सांसद थिए। यस्तै यो कार्यकालमा महिला सांसदको सङ्ख्या १५ छ। जसमा एमालेका ४, कांग्रेसका ५, माओवादीका ४, एकीकृत समाजवादी र राप्रपाका एक-एक जना महिला सांसद छन्।

हालसम्मका सरकारलाई हेर्दा महिलाको सहभागिता चिन्ताजनक रहेपनि प्रदेश सभामा सन्तोषजनक देखिएको छ। यसैबीच प्रदेश सभामा महिला सहभागिताको अवस्थाबारे अध्ययन पनि गरिएको छ। कर्णाली फाउन्डेसनले गरेको सो अध्ययन अनुसार कर्णाली सरकारमा महिला प्रतिनिधित्व सुनिश्चित नभएपनि प्रदेश सभामा सन्तोषजनक देखिन्छ। उक्त अध्ययन प्रतिवेदन प्रस्तुतिसँग यही फागुन २ गते प्रदेश सभा सचिव जीवराज बुढाथोकीलाई हस्तान्तरण गरिएको हो।

फाउन्डेसनका अध्यक्ष नारायण भट्टराईले प्रदेश सभा सचिव बुढाथोकीलाई प्रतिवेदन हस्तान्तरण गरेका थिए। विगत ७ वर्षदेखि कर्णाली फाउन्डेसनले संसदलाई पारदर्शी र खुला बनाउन तथा कानुन निर्माणमा सहयोग गर्न काम गर्दै आएको छ। उक्त कार्यक्रममा बोल्दै प्रदेश सभा सदस्य जानकी सिंहले पछिल्लो समय देशमा राजनैतिक गतिविधिदेखि संसदसम्म महिला सहभागिता बढेको उल्लेख गर्दै कर्णाली सरकारमा महिला प्रतिनिधित्व नबढाइएकोमा ध्यानाकर्षण जनाइन्।

सार्वजनिक लेखा समितिका सभापति बिन्दमान बिष्टले सदनदेखि सरकारमा महिला सहभागिताबारे राम्रो अभ्यास कर्णालीले गरिरहेको दाबी गरे। त्यसमा पनि अन्य दलभन्दा माओबादी केन्द्रले सरकारमा महिला सहभागितामा जोड दिएको उल्लेख गरे।

'अहिले कर्णालीमा सभामुख/उपसभामुख दुवै महिला छन्। २ जना मन्त्री पनि महिला छन्' उनले भने, 'यस्तै संसदीय ४ समितिमध्ये २ समितिको नेतृत्व महिलाले नै गरेका छन्। महिला सहभागिता र समावेशीका हिसाबमा कर्णाली प्रदेश सभा पनि अघि नै छ।'

## प्रत्यक्ष उम्मेदवार बनाउन रोकछेक

कर्णालीका राजनैतिक दलहरूले प्रदेश सभातर्फ प्रत्यक्ष निर्वाचनमा महिलालाई उम्मेदवार बनाउन रोकछेक लगाउँदै आएका छन्। योग्य र क्षमतावान महिला भएपनि प्रत्यक्ष निर्वाचनमा महिलालाई उम्मेदवार बनाउन दलहरू कन्जुसाइँ गर्दै आएका छन्। जसले गर्दा हालसम्म सबै महिला प्रतिनिधि समानुपातिक नै रहेका छन्। १ जना पनि महिला प्रतिनिधि प्रत्यक्ष उम्मेदवारबाट निर्वाचित भएर आउने मौका पाएका छैनन्। प्रदेश सभामा ३३ प्रतिशत महिला अनिवार्यताका कारण मात्रै समानुपातिकबाट महिला आउन सम्भव भएको देखिन्छ।

महिला प्रतिनिधिमा पनि दलित र जनजातिको प्रतिनिधित्व निकै कम रहेको छ। भौगोलिक हिसाबमा पनि जुम्ला, मुगु, जाजरकोट लगायत दुर्गम जिल्लाबाट महिला प्रतिनिधित्व हुनसकेको छैन। हालसम्म विषयगत समिति अध्यक्ष र सचेतकको भूमिका पाउने महिला सङ्ख्या निकै कम रहेको छ।

आगामी दिनमा प्रभावकारी आरक्षण प्रणाली अर्न्तगत संविधानले तोकेको ३३ प्रतिशत आरक्षण प्रणालीलाई कडाइका साथ लागू गर्नुपर्छ भने महिलाको प्रतिनिधित्व मात्र नभई नीति निर्माण र निर्णय गर्ने तहमा महिलाका प्रभावकारी उपस्थिति अनिवार्य गरिनुपर्ने देखिन्छ। पार्टीहरूले महिला उम्मेदवार छनोट गर्दा क्षमता र योग्यतालाई प्राथमिकता दिनुपर्छ।

महिलाहरूको नेतृत्व क्षमता विकासका लागि स्थानीयस्तरमा हुने गतिविधि र समितिहरूमा महिलाहरूको सहभागिता एवम् प्रतिनिधित्व अनिवार्य गरिनुपर्नेछ। यसबाट क्रमिक रूपमा उनीहरूलाई नीति निर्माण र निर्णय प्रक्रियामा सक्रिय रूपमा सहभागी हुन सक्षम बनाउँछ।

यस्तै राजनीतिक दलहरूले महिलालाई नेतृत्व, नीति निर्माण जस्ता कार्यका लागि प्रोत्साहन दिनुपर्छ। पार्टीभित्र महिलाहरूलाई निर्णय लिने तहमा पुग्ने अवसर प्रदान गर्नुपर्ने देखिन्छ। भने दलहरूले पार्टीगत एवम् आन्तरिक संरचनाहरूका नीति तथा कार्यक्रमहरूमा पनि महिलाको सहभागिता सुनिश्चित गर्ने नीति अवलम्बन गर्नुपर्ने आवश्यता आइपरेको छ।

# वडा कार्यालयको भवन उद्घाटन

**मिसन संवाददाता**
*वीरेन्द्रनगर, १२ फागुन*

सुर्खेतको बराहताल गाउँपालिका बडिचौरमा निर्माण भएको ५ नम्बर वडा कार्यालय भवन उद्घाटन गरिएको छ।

कर्णाली सरकारका पूर्वमुख्यमन्त्री जीवनबहादुर शाहीले उक्त भवनको उद्घाटन गरेका हुन्। आर्थिक वर्ष २०७८/०७९ को बजेटमार्फत संघीय सरकारबाट ५० प्रतिशत तथा स्थानीय तहबाट ५० प्रतिशत समपुरक गरी जम्मा १ करोड ३० लाख विनियोजन गरिएको थियो। यस अन्तर्गत ७४ लाख ९७ हजार ५७७ रूपैयाँमा २०७८ चैत १० गते ठेक्का सम्झौता गरिएको थियो।




सम्झौतापछि पहिलो तला भवन निर्माण कार्य २०८० असार १० गते सम्पन्न भएको थियो। त्यस्तै, आर्थिक वर्ष २०८०/०८१ को बजेटमा संघीय अनुदानबाट ५० लाख तथा स्थानीय तहबाट ५० लाख गरी १ करोड रकम विनियोजन भएको थियो। यस अन्तर्गत ५३ लाख ४८ हजार ३२१ रूपैयाँमा २०८० चैत १६ गते ठेक्का सम्झौता भई २०८१ पुस २५ गते दोस्रो तला निर्माण कार्य सम्पन्न भएको हो।

वडाध्यक्ष धिमराज जोल्मी मगरका अनुसार पहिलो र दोस्रो तला निर्माण सम्पन्न भएसँगै भवनको कुल लागत २ करोड ३० लाख हुन पुगेको छ। भवन उद्घाटन गर्दै पूर्वमुख्यमन्त्री शाहीले वडा कार्यालयबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन सुझाव दिए। अब आवश्यक भौतिक संरचना निर्माण भएको उल्लेख गर्दै सेवा प्रवाहलाई प्रभावकारी र पारदर्शीताको आवश्यकता रहेको उनको भनाइ छ।

# तरल नाइट्रोजन प्लान्टको भवन शिलान्यास

**मिसन संवाददाता**
*वीरेन्द्रनगर, १२ फागुन*

कर्णाली प्रदेश सरकारले पहिलोपटक बनाउन लागेको तरल नाइट्रोजन प्लान्टको भवन निर्माण कार्य शिलान्यास गरिएको छ। कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेल र भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले सोमबार भवन शिलान्यास गरेका हुन्।

पशुको वीर्य भण्डारण तथा कृत्रिम गर्भाधानको उद्देश्य अनुसार कर्णाली सरकारको कृषि मन्त्रालयले भवन निर्माण गर्न लागेको हो। मन्त्रालय मातहतको कार्यालय पशुपन्छी विकास निर्देशनालय वीरेन्द्रनगर सुर्खेतको परिसरमा 'तरल नाइट्रोजन प्लान्ट' स्थापनाका लागि भवन निर्माण कार्य शुभारम्भ भएको छ।

मन्त्रालयका अनुसार पशुको वीर्य भण्डारण तथा कृत्रिम गर्भाधानको उद्देश्य राखिएको प्लान्ट स्थापनापछि गाई, भैँसीको नश्ल सुधार, उच्च गुणस्तरका पाडा र बाच्छा उत्पादन हुने अपेक्षा लिइएको छ। मन्त्रालयले गत आर्थिक वर्षमा ४० लाखमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएर काम अगाडी बढाएको थियो। सोही अनुसार चालू आर्थिक वर्षमा ४ करोड ८५ लाख बजेट विनियोजन गरेर कर्णालीमै पहिलोपटक प्लान्ट निर्माण सुरु भएको बताइएको छ। तरल नाइट्रोजन प्लान्ट स्थापनाबाट प्रदेशलाई दूधमा समेत आत्मनिर्भर बनाउन लगायत उन्नत जातका पाडा/बाच्छा उत्पादनमा टेवा पुग्नेछ।

यस्तै प्रदेश बाहिरबाट आयात गर्दै आएको पशुको वीर्य कर्णालीमै उत्पादन तथा भण्डारण गरी कृत्रिम गर्भाधान तथा नश्ल सुधारमा सहज हुने भएको छ।


**Infrastructure Development Directorate**
**Jajarkot**

**Letter Of Intent**

**Date of Publication: 2081/11/13(25 Feb.,2025)**

This is to notify in accordance with Public Procurement Act 2063 (Section. 27) to all concerned bidders, who have submitted Technical and Price bid for the following contract/project published (Second time published) in National Daily Newspaper on **2081/10/25(7th Feb., 2025).** From all received bids, the Technical bid of the following bidders'successes Qualification Criteria and found to be substantially responsive. So, following responsive bidders are invited in Price Bid opening dated on **4 March, 2025 (2081/11/20)** at 11:00 AM at office of Infrastructure Development Office, Jajarkot.

| S.N. | Contract ID NO. | Nane of Project | Substantially Responsive Bidders |
|---|---|---|---|
| 1 | IDO/JKT/W/NCB/ BLD/44/081-082(Re) | Construction of different School Building and Health Post building at Barekot Rural Municipality, Jajarkot | KND-Seti-Bhuwan JV, Doti |
| | | | Nagarik-Bijayashwori-New Gangamala JV, Surkhet |
| 2 | IDO/JKT/W/NCB/ BLD/49/081-082(Re) | Construction of different School Building at Kuse Rural Municipality, Jajarkot | Ramechhape Construction Pvt.Ltd., Kathmandu |
| | | | Safal-Subha NS JV, Banke |

**पञ्चपुरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाबियाचौर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

**सिलवन्दि दरभाऊपत्र आह्वान सम्बन्धि सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः– २०८१/११/१३ गते**

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.ब. २०८१/०८२ अन्तर्गत तपसिल बमोजिमका सिलबन्दि दरभाऊपत्र आह्वान गरिएको हुदाँ बोलपत्र आह्वानको सूचना नगरपालिको Website, https://panchapurimun.gov.np/ र https://www.bolpatra.gov.np/egp/ मा रहेको सूचना बमोजिम रहेको सम्बन्धित सरोकारवालाहरुमा अनुरोध छ।

**तपसिल**

| S. N. | Contract Identification No. | Description of Work | Estimated Amount (NRS.) [Exclusive of VAT& PS] | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Cost of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | PMO/SKT/SQ/ GOODS/081/082-09 | 50% Anudanma krishi Aujar (mini power tilar) Krid | 17,69,911.50 | 45,000.00 | 90 | 3000 | |

प्रमुख प्रशासकीय अधिकृत